# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं.: ०१-५२६११८५
टोलफ्रि नं. : १६६००११६१८५


पत्र संख्या : २०८०।८१
चलानी नं. :

मिति: २०८१।०३।३०

मधेशी आयोग
ज्वागल, ललितपुर

## प्रेस विज्ञप्ति

### विद्युतीयजन्य पुर्वाधारलाई व्यवस्थित गर्न अपील

नेपाल विद्युतमा आत्मनिर्भर हुँदै गएको र यसको पहुँच जन-जनमा र घर-घरमा वढ्दै गएको व्यहोराले सम्पुर्ण नेपाली हर्षित भएका छन् । प्रविधिमा भएको पहुँचको श्रेय विद्युतजन्य सरोकारवालालाई प्रथमतः जान्छ र जानु पनि पर्छ ।

तर, दुखद र वास्तविकता के हो भने प्राधिकरणको पुर्वाधार जीर्ण नै रहेका छन् भने उपभोक्ता र उपयोगिताको आधारमा विद्युतबाट हुन सक्ने सम्भावित खतराहरुको सम्बन्धमा जनसचेतीकरण कार्यक्रम व्यवहार र आचरणमा कहिकत्तै देखा नपरेको यर्थातता सर्वविदितै छ । जसका कारणले विद्युतको अनियमित र अव्यवस्थित प्रवाह र प्रवाहजन्य कारणवाट दिनहुँ ज्यान गुमाउन वाध्य भएका छन् । यसप्रति विद्युत प्राधिकरण जवाफदेहितावाट विमुख भएको होइन ? जस्तो भान हुन्छ ।

सम्भवतः उत्तरदायित्वहीनताको कारणले नै होला २०७५ सालदेखि २०८० सालसम्म मधेश प्रदेशका आठ जिल्लामा ४४९ जनाले विद्युतको अव्यवस्थितिकरणको कारणले ज्यान गुमाएका छन् । अन्य प्रदेश र जिल्लाहरुको अवस्थाको तथ्यांक आउन बाँकी नै छ । ती ज्यान गुमाएकाहरुको परिवार विचल्लीमा पुगेका छन् तर, कानुन वमोजिमको क्षतिपुर्ति ती पिडित परिवारहरुले पाएका छैनन् । जतिले पाए त्यो अति न्युन संख्यामा रहेका छन् ।

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा १६ अनुसार प्रत्येक नागरिकलाई सम्मानपुर्वक बाँच्न पाउने अधिकारको प्रत्याभुति गरेको छ र धारा १८ मा समानताको हक उल्लेख रहेको छ तर ती अधिकारहरु नागरिकले उपभोगवाट वञ्चित भएको देखिन्छ भने संवैधानिक दायित्वबाट मुख्यतः प्राधिकरण दायित्वविहिनताको अवस्थामा देखिन्छ ।

तसर्थ, विद्युत प्राधिकरणले कानुनद्वारा परिभाषित जिम्मेवारीलाई अक्षरशः जनमैत्री बनाई आधुनिक नेपालको जनसेवा मैत्री र मुलुक निर्माणको सहयात्री बन्न आयोग अपील गर्दछ । आयोग सदा-सर्वदा साथ रहने छ ।

(नरेश राज खरेल)
सचिव